# डिसिबिएल बैंकले वोनश शेयर जारी गर्ने

डिसिबिएल बैंक लिमिटेडले २०६६ मंसिर २६ गते शुक्रवार आफ्नो नवौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

बैंकको अध्यक्ष श्री कृष्ण लाल महर्जनले सभापतित्व गर्नुभएको उक्त साधारण सभाले लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक प्रतिवेदन परित गरेको छ ।

उक्त सभाले आर्थिक वर्ष २०६५/६६ को नाफाबाट ५% वोनश शेयर (खुद) प्रदान गर्ने प्रस्ताव पारित गरेको छ । यसबाट बैंकको चुक्ता पूँजी करिब रु. १ अरब ७४ करोड पुगेको छ । त्यस्तै उक्त आर्थिक वर्षको अन्त्यसम्ममा बैंकले करिब रु. ६ अरब ६१ करोड निक्षेप र रु. ६ अरब ३५ करोड कर्जा लगानी गरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा क्रमश: १२७% र ७६% ले वृद्धि हो । त्यसै गरि सोहि आर्थिक वर्षमा बैंकले वोनश तथा करपछिको खुद नाफा रु. १० करोड ३१ लाख आर्जन गर्न सफल भएको थियो, जुन गत वर्षको तुलनामा ८७% ले वृद्धि हो ।

उक्त सभामा विभिन्न वक्ताहरुद्वारा बैंकको वार्षिक प्रतिवेदन तथा कामकारवाहिहरु माथी जिज्ञासाहरु राख्नु भएको थियो । जिज्ञासाहरुको जवाफ दिने क्रममा बैंकका कार्यकारी अधिकृत श्री सुधीर खत्रीले बैंकले गत आर्थिक वर्ष मात्र वाणिज्य बैंकको रुपमा पुरा १ वर्ष काम गर्न पाएको र बैंकले संकलन गरेको २:१ हकप्रद शेयर वापतको रकम आषाढ मसान्तको दिन मात्र प्राप्त गरेको हुदा बैंकको Preference लाई चुक्ता पूँजी रु. १ अरब १० करोडको Preference को रुपमा बुझिदिनुहुन आग्रह गर्नुभएको थियो । उहाँले उक्त अवसरमा बैंकले चालु आर्थिक वर्षमा उपत्यका बाहिर धरान, इटहरी र उपत्यका भित्र भोटाहिटी, टेकु, सानेपामा शाखा सञ्जाल विस्तार गर्ने र १८ वटा ATM हरु जडान गर्ने योजना रहेको जानकारी गराउनु भयो ।

नेपाल राष्ट्र बैंकले २०६७ चैत्र मसान्तसम्ममा चुक्ता पूँजी रु. २ अरब पुऱ्याउनु पर्ने नीति अनुसार चालु आर्थिक वर्षमा खुद नाफामा करिब ५० प्रतिशतले वृद्धि गरी १५ करोड आर्जन गर्ने र शेयरमहानुभावहरुलाई १० प्रतिशत वोनश शेयर प्रदान गर्न सक्ने गरि काम गरिरहेको जानकारी गराउनु भयो ।